धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा पत्रिका नियमित नआएमा ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो भएमा कल गर्नु पर्दैन ।

९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २२, अङ्क ३५७ ◆ २०८३ असार २९ गते सोमबार, Monday, July 13, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## नन्दप्रसाद जानुका स्मृति सम्मान शिक्षासेवी आत्माकृष्ण श्रेष्ठलाई

काठमाडौं। यसवर्षको रु २५ हजार राशिको 'नन्दप्रसाद जानुका स्मृति सम्मान' शिक्षासेवी आत्माकृष्ण श्रेष्ठलाई प्रदान गरिने भएको छ।

नन्दप्रसाद जानुका फाउण्डेशनका अध्यक्ष अजयबाबु शिवाकोटीका अनुसार दोलखाको शैक्षिक विकासका निम्ति इन्जिनियर श्रेष्ठले गर्नुभएको योगदानको करदस्वरुप उहाँलाई उक्त सम्मान प्रदान गर्ने निर्णय भएको हो। आगामी भदौ ४ गते नन्दप्रसाद शिवाकोटीको जन्म जयन्तीका दिन यहाँ श्री श्रेष्ठलाई सम्मान गरिने छ। निजामती सेवामा लामो समय व्यतीत गर्नुभएका उहाँ सहसचिव पदबाट निवृत्त हुनुभएको हो। अठासी वर्षीय श्रेष्ठ चरीकोटस्थित गौरीशङ्कर बहमुखी क्याम्पसका संस्थापक अध्यक्ष, गौरीशङ्कर सामुदायिक पुस्तकालयका संस्थापक अध्यक्ष, सिँगटी सामुदायिक अस्पतालका पनि संस्थापक अध्यक्ष हुनुहुन्छ।

## वैदेशिक रोजगारीबाट फर्किएका आचार्य व्यावसायिक सागसब्जी खेतीमा रमाउँदै

सुनसरी। जिल्ला सदरमुकाम इनरुवा-८ का गणेश आचार्य वैदेशिक रोजगारीबाट फर्किएपछि व्यावसायिक सागसब्जी खेतीमार्फत सफल उद्यमीका रूपमा स्थापित हुनुभएको छ।

मलेसियामा र माल्दिभ्समा आठ वर्ष बिताउनुभएका उहाँले आफ्नै तथा भाडामा लिएको १२ कठ्ठा जग्गामा मौसमी र बेमौसमी सागसब्जी खेतीबाट मनग्गे आम्दानी गर्दै आउनुभएको छ।

केही वर्षअघिका धान खेतमा उहाँले काँक्रा, बोडी, करेला, खुर्सानी, भण्टा फलाउनुभएको छ।

यसबाट वार्षिक रु १० देखि १२ लाखसम्म आम्दानी हुने गरेको छ। उहाँका अनुसार बिउ, मल, जनश्रम तथा अन्य उत्पादन खर्च कटाउँदा कुल आम्दानीको करिब ५० प्रतिशत बचत हुने गरेको छ। उहाँलाई व्यावसायिक बनाउन कृषि ज्ञान केन्द्रले प्राविधिक सहयोग गर्दै आएको छ। ज्ञान केन्द्रबाट भिन्डी र बैगुन खेतीका लागि आवश्यक बिउ, मल, मल्चिङ प्लास्टिक तथा विषादी छर्कने ट्याङ्की लगायतका सामग्री अनुदानमा प्राप्त भएको उहाँले जानकारी दिनुभयो।

रोजगारीका लागि युवा पुस्ता विदेशिने क्रम बढेकामा चिन्ता व्यक्त गर्दै उहाँ उपयुक्त जमिन र बजार व्यवस्थापन हुन सके कृषि क्षेत्रबाट पर्याप्त आम्दानी गर्न सकिने बताउनुहुन्छ। खेतबारीमा काम गर्ने मानिस नपाउँदा उहाँ खिन्न हुनुहुन्छ। सागसब्जीको उचित मूल्य नपाएको उहाँको गुनासो छ।

कृषि ज्ञान केन्द्रका प्रमुख नीलकमल सिंहका अनुसार सुनसरीमा व्यावसायिक तथा मौसमी रूपमा करिब सात हजार पाँच ५०० हेक्टरमा सागसब्जी खेती हुँदै आएको छ।

## खजुरामा हुलाकी सडकको वैकल्पिक मार्ग निर्माण

राँका। खजुरा गाउँपालिकाले नेपालगञ्ज-गुलरिया हुलाकी सडकको वैकल्पिक मार्गका रूपमा धवलागिरि गाउँ हुँदै बीगाउँ जोड्ने सडक निर्माण गरेको छ।

गाउँपालिका अध्यक्ष डम्बरबहादुर विककाअनुसार खजुरा बजार क्षेत्रमा पर्ने मुख्य सडकको वैकल्पिक मार्गका रूपमा खजुरा गाउँपालिका-३ स्थित आदर्श मावि, धवलागिरि गाउँ हुँदै बीगाउँ जोड्ने सडक निर्माण गरिएको हो।

अब हुलाकी सडकअन्तर्गत खजुरा बजार वा पेडारी नाला क्षेत्रमा कुनै अवरोध आए पनि अब आदर्श मावि, धवलागिरि गाउँ हुँदै बीगाउँ जोड्ने सडक प्रयोग गरी नेपालगञ्ज-गुलरिया सहज रूपमा आवतजावत गर्न सकिने भएको छ। प्रदेश सरकारको रु.छ करोड १० लाख ९० हजार २८६ को लागतमा पुल निर्माण सम्पन्न भएपछि खजुरा बजार क्षेत्रको मुख्य सडकको वैकल्पिक मार्गका यो सडक निर्माण भएको हो।

खजुरा गाउँपालिकाका आठवटै वडाका गाउँहरूलाई कालोपत्रे सडक सञ्जालले जोड्ने, प्रत्येक टोलमा कालोपत्रे सडक विस्तार गरी 'धुलोरहित गाउँ' निर्माण गर्ने तथा ढल र नालाको निर्माण तथा स्तरोन्नति गरी उचित पानी निकासको व्यवस्था गर्दै 'डुबानमुक्त गाउँ' बनाउने लक्ष्यसहित गाउँपालिकाले काम गरिरहेको छ।

## अर्जेन्टिना विश्वकपको सेमिफाइनलमा

काठमाडौं। स्विटजरल्यान्डलाई ३-१ गोलले पराजित गर्दै साविक विजेता अर्जेन्टिना फिफा विश्वकपको सेमिफाइनलमा प्रवेश गरेको छ। अमेरिकाको कान्सास सिटी स्टेडियममा आइतबार भएको खेलमा स्विट्जरल्यान्डलाई पराजित गर्दै अर्जेन्टिना विश्वकपको सेमिफाइनलमा प्रवेश गरेको हो। अर्जेन्टिनाका एलेक्सिस म्याक एलिस्टर, जुलियन अल्भारेल र लाउटारो मार्टिनेजले आफ्नो टोलीलाई एकएक गोलको योगदानबाट सेमिफाइनमा पुर्‍याएका हुन्। खेलको १०औं मिनेटमा एलिस्टरले हेड गोल गर्दै अर्जेन्टिनालाई पहिलो अग्रता दिलाएका थिए। त्यसपछि खेलको ६७औं मिनेटमा स्विटजरल्यान्डका डान एनडोयेले गोल गर्दै खेललाई एक एक गोलको बराबरीमा ल्याएका थिए।

खेलको ७२औं मिनेटदेखि स्विट्जरल्यान्ड १० खेलाडीमा सीमित भयो। ब्रेल एम्बोलोले दोहोरो पहेँलो कार्ड पाएर बाहिरिएपछि स्विट्जरल्यान्ड १० खेलाडीमा सीमित बनेको हो। खेलको ११२औं मिनेटमा अल्भारेलले गोल गर्दै अर्जेन्टिनाको अग्रता कायम गरे।

# गणेश नेपालीका परिवारसँग नौ बुँदे सहमति

*प्रत्यूष समाचारदाता*

काठमाडौं। मृतक गणेश नेपालीका परिवार र नेपाल सरकार तथा काठमाडौं महानगरपालिकाबीच नौ बुँदे सहमति भएको छ। जिल्ला प्रशासन कार्यालय काठमाडौंमा १४ घण्टा लामो वार्तापछि आइतबार बेलुका ५:०० बजे नेपाल सरकार, काठमाडौं महानगर पालिका र पीडित पक्षबीच नौ बुँदे सहमति भएको हो।

काठमाडौंका प्रमुख जिल्ला अधिकारी ईश्वरराज पौडेल र काठमाडौं महानगर पालिकाका प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाईं समेतको उपस्थितिमा पीडित पक्षसँग छलफल भइ सहमति भएको हो। सहमति भएसँगै पीडित पक्ष नेपालीको शव परीक्षण प्रक्रिया अगाडि बढाउन र शव बुझ्न सहमत भएका छन्।

मुगुको सोरु गाउँपालिका-१ जवलधारा घर भएका नेपालीले यही असोज २५ गते त्रिपुरेश्वरमा आत्मदाहको प्रयास गरेका थिए। उनको वीर अस्पतालको 'बर्न युनिट'मा उपचारका क्रममा यही असार २५ गते राति निधन भएको थियो। उक्त घटनालाई लिएर पीडित पक्ष आन्दोलित भएका थिए। सहमति पत्रमा नेपाल सरकार तथा काठमाडौं महानगरपालिकाले मृतक गणेश नेपालीको दुःखद निधनप्रति गहिरो दुःख व्यक्त गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गरेका छन् भने शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गरेका छन्।

सहमतिपत्रमा घटनाको सत्यतथ्य र निष्पक्ष छानविन गर्न नेपाल सरकारले पूर्वन्यायाधीशको संयोजकत्वमा यथाशीघ्र एक स्वतन्त्र छानविन समिति गठन गर्नेछ। उक्त समितिले गठन भएको मितिले सात दिनभित्र आफ्नो प्रतिवेदन सरकारसमक्ष पेस गरिसक्नुपर्नेछ।

मृतक गणेश नेपालीलाई सहिद घोषणा गर्ने सम्वन्धमा प्रचलित कानुन, विगतको अभ्यास तथा गठन हुने छानविन समितिको प्रतिवेदन र सिफारिसका आधारमा नेपाल सरकारले आवश्यक निर्णय प्रक्रिया अगाडि बढाउने सहमति भएको छ।

यस्तै, घटना घटेको दिन उक्त घटनास्थलको अग्रभागमा खटिएका महानगरका प्रहरी बलका कर्मचारीलाई हालका लागि निलम्बन गर्न जिल्ला प्रशासन कार्यालय, काठमाडौंले महानगरपालिकालाई लेखी पठाउने र पछि छानविन आयोगको प्रतिवेदन तथा सिफारिसबमोजिम कारबाही प्रक्रिया अघि बढाउने सहमति भएको छ। लामो गृहकार्यपछि जुटाइएको सहमति अनुसार पीडित परिवारको दीर्घकालीन आर्थिक तथा सामाजिक सुरक्षा सुनिश्चित गरिएको छ।

काठमाडौं महानगरपालिकाको आगामी बस्ने कार्यपालिका बैठकको निर्णयानुसार मृतककी श्रीमती एकमाया नेपालीलाई निजको योग्यता तथा क्षमताका आधारमा रोजगारी सुनिश्चित गरिनेछ।

साथै, मृतककी आश्रित छोरीको उच्च शिक्षासम्मको अध्ययनका लागि काठमाडौं महानगरपालिकाबाट आवश्यक प्रबन्ध मिलाइनेछ भने यस कार्यका लागि नेपाल सरकारका सम्बन्धित निकायले आवश्यक सहजीकरण गर्नेछन्। महानगर पालिकाले आगामी कार्यपालिका बैठकबाटै निर्णय गराई मृतकको आश्रित परिवारलाई राहतस्वरूप यथोचित रकमसमेत उपलब्ध गराउनेछ। यस्तै, तत्कालका लागि आवश्यक मानवीय र व्यावहारिक पक्षहरूलाई सम्बोधन गर्दै मृतकको अन्तिम संस्कार (सद्‌गत) का लागि आवश्यकपर्ने सम्पूर्ण व्यवस्था तथा काठमाडौंमा गरिने काजकिरियाको आवश्यक व्यवस्थापन काठमाडौं महानगरपालिकाबाट मिलाइने सहमति भएको छ।

## मधेश प्रदेशसभा : बजेटलगायतका समस्या समाधान गर्न कार्यदल गठन

*प्रत्यूष समाचारदाता*

जनकपुरधाम। मधेश प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटलगायतका विषयमा देखिएका समस्या समाधान गर्न कार्यदल गठन गरिएको छ।

मधेश प्रदेशसभाको आइतबारको बैठकमा सभामुख रामअशिष यादवले आइतबारैदेखि कार्य प्रारम्भ गर्ने गरी प्रदेशसभा सदस्यहरु उपेन्द्र महतो, हरिनारायण महतो, जंगीलाल राय, प्रमोदकुमार यादव, सञ्जयकुमार यादव, बिमला अन्सारी तरुन्म र सरिताकुमारी ठाकुर रहने गरी कार्यदल गठन गरिएको घोषणा गर्नुभयो। कार्यदलले कार्यविधि आफै निर्माण गर्नेछ। साथै आजको बैठकमा प्रदेश सरकारका अर्थमन्त्री युवराज भट्टराईले प्रदेश सरकारको विनियोजन विधेयक २०८३ प्रस्तुत गर्नुभयो। यस्तै बैठकमा प्रदेशसभा सदस्य रविन्द्र श्रेष्ठले पेश गर्नुभएको मधेश प्रदेशसभा नियमवली को नियम १३५ को उपनियम (२) र (३) निलम्बन गर्ने प्रस्ताव बहुमतले स्वीकृत भएको सभामुख यादवले घोषणा गर्नुभयो। सो दुवै उपनियम निलम्ब भएसँगै सभामुख यादवले आजको कार्यसूचीमा रहेका अन्य विषयहरु हटाउनुभयो। प्रदेशसभाको अर्को बैठक यही असार ३० गते मंगलवार दिउँसो १ बजे बस्ने गरी स्थगित भएको छ। यही असार १ गते प्रदेश सरकारले प्रस्तुत गरेको विनियोजन विधेयकमाथिको छलफल गर्न असार १७ गते आह्वान गरेको प्रदेशसभाको बैठकमा प्रतिपक्ष दल जनता समाजवादी पार्टी नेपाल, जनमत पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीले बजेट संशोधनको मागसहित बैठक अवरुद्ध गरेपछि सभामुख यादवले बैठक अर्को सूचना नहुञ्जेलसम्मका लागि बैठक स्थगित गर्नुभएको थियो। मधेश प्रदेश सरकारका अर्थमन्त्री युवराज भट्टराईले प्रदेशसभाको बैठकमा आगामी आर्थिक वर्ष २०८३/८४ मा कृषि नवप्रर्तन, उद्यमशीलता प्रवर्द्धन, शिक्षा, स्वास्थ्यलाई प्राथमिकतामा राख्दै रु. ४१ अर्ब १३ करोड ८६ लाखको बजेट प्रस्तुत गर्नुभएको थियो।

## बाँझो जग्गा सदुपयोग गर्न माडीमा भूमि बैंक अवधारणा

नारायणगढ। चितवनको माडी नगर पालिकाले बाँझो खेतीयोग्य जमिनको सदुपयोग गर्दै भूमिहीन, विपन्न र युवा किसानलाई व्यावसायिक खेतीतर्फ आकर्षित गर्न 'भूमि बैंक' कार्यक्रम सञ्चालन गर्ने तयारी गरेको छ।

बढ्दो बसाइँसराइका कारण खेतीयोग्य जमिन बाँझो रहने क्रम बढेपछि नगरपालिकाले भूमि बैंकसम्बन्धी कार्यविधि तयार गरी आगामी आर्थिक वर्षदेखि कार्यक्रम लागू गर्ने प्रस्ताव अघि सारेको हो।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत जगतप्रसाद भुसालका अनुसार भूमि बैंक कुनै भौतिक कार्यालय नभई पालिका मातहत सञ्चालन हुने अभिलेखीकरण प्रणाली हो, जसले जग्गाधनी र खेती गर्न इच्छुक किसानबीच मध्यस्थकर्ताको भूमिका निर्वाह गर्नेछ।

"एउटा वर्गसँग खेती गर्न जग्गा छैन वा महँगो भाडा तिर्न सक्दैन, अर्को वर्गसँग जग्गा भएर पनि खेती गर्ने जनशक्ति छैन", उहाँले भन्नुभयो, "भूमि बैंकले यी दुई पक्षलाई पालिकाको रोहबरमा जोड्ने छ।"

उहाँका अनुसार यस प्रणालीमा जग्गाधनी र किसानबीच प्रत्यक्ष लेनदेन हुने छैन। दुवै पक्ष पालिकामार्फत मात्रै जोडिने भएकाले भविष्यमा आउन सक्ने कानुनी तथा व्यावहारिक जटिलता न्यूनीकरण हुने विश्वास गरिएको छ। नयाँ आर्थिक वर्ष सुरु भएसँगै सेवा सञ्चालन गर्ने तयारी गरिएको उहाँले बताउनुभयो।

कृषि शाखा प्रमुख सुरेश सिंखडाका अनुसार माडीमा करिब आठ हजार ५०० हेक्टर खेतीयोग्य जमिन रहेकामा हाल करिब छ हजार ५०० हेक्टरमा मात्र खेती भइरहेको छ। बाँकी करिब दुई हजार हेक्टर जमिन बाँझो रहेको छ।

उहाँका अनुसार माडीका धेरै जग्गाधनी भरतपुरलगायत अन्य क्षेत्रमा बसाइँ सरेकाले खेतीयोग्य जमिन उपयोगविहीन बनेको छ। पालिकाले यस्ता जग्गा न्यूनतम शुल्कमा लिई खेती गर्न चाहने तर जग्गाविहीन वास्तविक किसानलाई उपलब्ध गराउने योजना बनाएको छ। सामान्य खेतीयोग्य जमिनका लागि प्रतिकठ्ठा वा प्रतिबिघा औसत रु एक हजार ५०० देखि दुई हजारसम्म भाडा निर्धारण गरिनेछ भने बगर तथा कम उब्जाउ भएका क्षेत्रमा यो दर अझ कम हुन सक्ने उहाँले बताउनुभयो।

जग्गा बाँझो राख्ने प्रवृत्ति निरुत्साहित गर्न नगरपालिकाले कर प्रणालीमा पनि परिवर्तन गर्ने तयारी गरेको छ। प्रस्तावित कार्यविधिअनुसार नियमित खेती भइरहेको जग्गामा प्रतिकठ्ठा रु ४० कर लाग्नेछ भने खेतीयोग्य भएर पनि बाँझो राखिएको जग्गामा प्रतिकठ्ठा रु १६० कर तिर्नुपर्ने व्यवस्था गरिनेछ। प्रमुख प्रशासकीय अधिकृत भुसालका अनुसार खेती नगरी जग्गा बाँझो राख्नेले खेती गर्ने किसानको तुलनामा चार गुणा बढी कर तिर्नुपर्ने व्यवस्था गरिनेछ।

सम्पादकीय ....

## शास्त्रीय शिक्षाको महत्व

शास्त्रीय शिक्षाको महत्व केवल अतीतको गौरवसँग जोडिएको छैन, यसको सम्बन्ध मानवजीवनका गहनतम प्रश्नसँग छ । आधुनिक शिक्षाले जीवन सञ्चालनको साधन दिन्छ भने शास्त्रीय शिक्षाले जीवनलाई दिशा दिने दृष्टि प्रदान गर्छ । संस्कृत वाङ्मयमा निहित ज्ञान केवल धार्मिक वा आध्यात्मिक विषयमा सीमित छैन ।

यसमा भाषाविज्ञान, तर्कशास्त्र, मनोविज्ञान, नैतिकता, शासनदर्शन, चिकित्सा, गणितीय चिन्तन तथा प्रकृतिसम्बन्धी गहन विमर्श समाविष्ट छन् । यही कारण आज विश्वका अग्रणी विश्वविद्यालयमा संस्कृत र पौरस्त्य ज्ञान परम्परामाथि निरन्तर अनुसन्धान भइरहेको छ । शास्त्रीय शिक्षाको अर्को विशेषता यसको समग्र दृष्टिकोण हो । यसले मानवलाई केवल आर्थिक प्राणीका रूपमा होइन, नैतिक, बौद्धिक र आध्यात्मिक अस्तित्वका रूपमा हेर्छ । वर्तमान विश्वले भोगिरहेको मूल्य सङ्कट, मानसिक तनाव, सांस्कृतिक विच्छेदन र पर्यावरणीय असन्तुलनका सन्दर्भमा शास्त्रीय चिन्तनको प्रासङ्गिकता झन् बढेर गएको छ । शास्त्रीय शिक्षाको संरक्षण कुनै एउटा शैक्षिक कार्यक्रम होइन, यो सभ्यताको आत्मरक्षा, सांस्कृतिक निरन्तरता र बौद्धिक स्वाधीनताको अभियान हो ।

संस्कृत शिक्षालाई कतिपयले केवल धार्मिक वा परम्परागत अध्ययनका रूपमा बुझ्ने गरेका छन् तर वास्तविकता त्यसभन्दा धेरै व्यापक छ । संस्कृत भाषा विश्वकै समृद्ध ज्ञान भण्डारको वाहक हो । वेद, उपनिषद्, दर्शन, आयुर्वेद, गणित, खगोल, नाट्य, व्याकरण, राज्यशास्त्र, नीति, साहित्य तथा मनोविज्ञानका असङ्ख्य स्रोत संस्कृतमै सुरक्षित छन् ।

नेपालको राष्ट्रिय पहिचानका आधारभूत तत्व पशुपतिनाथ, मुक्तिनाथ, जनकपुर, लुम्बिनी, हिमवत् संस्कृति, गुठी परम्परा, संस्कार प्रणाली तथा धार्मिक पर्यटन सबै प्रत्यक्ष वा परोक्ष रूपमा संस्कृत परम्परासँग आबद्ध छन् ।

संस्कृत शिक्षाको संरक्षण भनेको केवल एउटा विषयको संरक्षण होइन; यो राष्ट्रको ऐतिहासिक स्मृति, सांस्कृतिक निरन्तरता र सभ्यतागत आत्माको संरक्षण हो । संस्कृत शिक्षा कमजोर बन्दै गयो भने भावी पुस्ताले आफ्नो सभ्यताको मूल स्रोतसँगको सम्बन्ध क्रमशः गुमाउने छ ।

संस्कृत शिक्षा कुनै सीमित समुदायको चासोको विषय नभई राष्ट्रिय आवश्यकता हो । यो गोष्ठीले यही सत्यलाई पुनः स्मरण गराएको छ कि संस्कृत शिक्षा राष्ट्रको बौद्धिक आत्मनिर्भरताको आधार स्तम्भ हो ।

संस्कृत शिक्षाको सुदृढीकरण केवल भावनात्मक आग्रह होइन; यो तर्कसङ्गत राष्ट्रिय आवश्यकता हो । पहिलो, विश्वका विकसित राष्ट्रले आफ्ना सभ्यतागत स्रोतको संरक्षणलाई प्राथमिकता दिएका छन् ।

चीनले कन्फ्युसियस अध्ययन, भारतले संस्कृत तथा वैदिक अध्ययन, ग्रिसले क्लासिकल अध्ययन र युरोपेली राष्ट्रले ल्याटिन तथा ग्रिक अध्ययनलाई निरन्तर प्रोत्साहन दिएका छन् । नेपालले पनि आफ्नो मौलिक ज्ञानपरम्पराप्रति सम्मान प्रतिबद्धता देखाउनु पर्छ ।

### पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ –३,धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

## मानव-वन्यजन्तु द्वन्द्व बढ्दो चुनौती

*भीष्मराज ओझा*

पछिल्लो समय संरक्षित क्षेत्र वरपर बढ्दो जनघनत्व एवं अव्यवस्थित भू-उपयोगका कारण वन्यजन्तुको वासस्थानमा भएको क्षयीकरण एवं सङ्कुचनले गर्दा वन्यजन्तुहरुले आफ्नो वासस्थान छाडी गाउँ बस्तीमा पस्ने गरेका छन् । यसबाट संरक्षित क्षेत्रभित्र तथा यसको वरिपरी बसोबास गर्ने समुदायको वन्यजन्तुबाट मानवीय तथा आर्थिक क्षति हुँदै आएको छ । खासगरी हात्ती, बाघ, गैंडा, हिउँचितुवा, हिमाली कालो भालु, काठे भालुलगायतका वन्यजन्तुको आक्रमणबाट मानिसको मृत्यु तथा घाइतेका साथै बालीनाली, घर, गोठको क्षति हुने गरेको छ । अर्कोतिर बाँदर, बँदेल, नीलगाई र दुम्सीबाट कृषि बालीमा हुने क्षति मुलुकभर बढ्दो छ । यसले गाउँबस्ती नै विस्थापित हुने अवस्था सिर्जना भएको छ ।

कृषि, वन तथा पर्यावरण मन्त्रालयका अनुसार पछिल्ला वर्षहरुमा मानव-वन्यजन्तु द्वन्द्व एक टड्कारो समस्याको रुपमा देखा परेको छ । आर्थिक वर्ष २०८१/८२ मा मात्र मुलुकभरका संरक्षित तथा मध्यवर्ती क्षेत्रका बस्तीमा वन्यजन्तुको आक्रमणबाट १५ जनाको मृत्यु भएको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको तथ्याङ्क छ ।

त्यसैगरी सामान्य घाइते सङ्ख्या १४ जना र सख्त घाइते हुनेको सङ्ख्या ५७ जना, घर/गोठको क्षति ११६, पशुधन क्षति तीन हजार ७३२, अन्नबालीको क्षति चार हजार ६१० र भण्डारण गरेको अन्नको क्षतिका घट्ना ५१ रहेको तथ्याङ्क छ । मानवीय क्षति भएकामध्ये सबैभन्दा धेरै चितवन राष्ट्रिय निकुञ्जमा १० जना, बर्दिया राष्ट्रिय निकुञ्जमा दुई जना तथा बाँके, शुक्लाफाँटा र पर्सा राष्ट्रिय निकुञ्जमा एक/एक जनाको मृत्यु भएको छ ।

त्यस्तै गत आवमा वन्यजन्तुबाट भएको क्षतिका कुल आठ हजार ५९५ वटा घटना दर्ता भएका छन् । विभागले निकुञ्ज आरक्षलगायत संरक्षित क्षेत्रहरुका वन्यजन्तुबाट हुने क्षतिलाई कम गर्नेलगायत विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको जनाएको छ । साथै, मानव-वन्यजन्तु द्वन्द्वलाई न्यूनिकरण गर्न वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका बमोजिम राहत उपलब्ध गराउने व्यवस्था गरिएको विभागका वरिष्ठ इकोलोजिष्ट हरिभद्र आचार्यले बताउनुभयो । गत आवमा संरक्षित क्षेत्रमा वन्यजन्तुबाट कुल आठ हजार ५९५ भौतिक तथा कृषि क्षेत्रमा क्षतिका घटना भएका थिए । त्यसको क्षतिवापत विभिन्न संरक्षित क्षेत्रका कार्यालयबाट कूल सात करोड ११ लाख ६८ हजार ६०४ रुपैयाँ राहत रकम वितरण गरिएको विभागले जनाएको छ ।

वन्जन्तु मृत्युका घटना

त्यस्तै वन्यजन्तुहरु निकुञ्ज नजिकमा रहेका गाउँ बस्तीमा विविध कारणले गर्दा प्रवेश गर्ने गरेका छन् । यस्तो अवस्थामा सम्बन्धित संरक्षित क्षेत्र कार्यालयले सरोकारवालाको सहयोगमा ती वन्यजन्तुहरुको उद्धार गर्ने गरिएको छ । उद्धार गरिएका यस्ता वन्यजन्तुहरुलाई आवश्यक उपचार वा रेखदेखपश्चात उचित वासस्थानमा पुनर्स्थापना गर्ने गरिएको छ । पुनर्स्थापना गर्न नसकिने वन्यजन्तुको हकमा उक्त वन्यजन्तुलाई उचित खोर र आहाराको व्यवस्था गरी हेरचाह गरिदै आइएको छ ।

यस्ता समस्याग्रस्त वन्यजन्तुहरुको व्यवस्थापन खर्च निकै महङ्गो हुने भएकाले व्यवस्थापकीय चुनौती थप भएको छ । गत आवमा प्राकृतिक, सडक दुर्घटना, भौतिक संरचनामा फसेर, कुकुरको आक्रमण र दलदलमा फस्नेलगायत विभिन्न कारणबाट ३३९ वन्यजन्तु मृत्युका घटना भएका थिए । त्यसमध्ये सबै भन्दा धेरै मृत्यु चित्तलको भएको देखिन्छ भने प्राकृतिक बाहेक सडक दुर्घटना र कुकुरको आक्रमणबाट सबै भन्दा धेरै वन्यजन्तुहरुको मृत्यु भएको थियो । आव २०८१/८२ को तथ्यांकअनुसार विभिन्न कारणले १२८ चित्तल, ३२ कृष्णसार, २९ गैंडा, १९ बाँदर, १७ बँदेल, १५ रतुवा, ११ हात्ती, १० पाटेबाघ, १० घोरल मृत्युलगायतका घट्ना रेकर्ड गरिएको छ ।

वन्यजन्तुलाई बासस्थानभित्र सुरक्षित राख्नु प्रभावकारी

वन्यजन्तुको सङ्ख्या वृद्धि, मानव बस्तीको विस्तार, पूर्वाधार निर्माण र जङ्गलमाथिको निर्भरता बढ्दै जाँदा मानव-वन्यजन्तु द्वन्द्वका घटना पनि बढिरहेका छन् । वरिष्ठ इकोलोजिष्ट आचार्यका अनुसार मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणको सबैभन्दा प्रभावकारी उपाय भनेको वन्यजन्तुलाई उनीहरूको प्राकृतिक बासस्थानभित्र सुरक्षित राख्नु हो । उहाँले वन्यजन्तुको बासस्थान सुधार, घाँसेमैदान विस्तार, पानीका स्रोतको संरक्षण तथा मानवीय हस्तक्षेप न्यूनीकरण गरेर वन्यजन्तुलाई जङ्गलभित्रै बस्न अनुकूल वातावरण बनाउनुपर्ने बताउनुभयो । "घट्नापछि राहत वितरण गर्नेभन्दा पनि घटना नै हुन नदिने उपायमा जोड दिन आवश्यक छ", उहाँले भन्नुभयो । विभागले स्रोतसाधनअनुसार मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका फरक-फरक सुरक्षा उपाय अपनाएको उहाँले जानकारी दिनुभयो । "हात्ती प्रभावित क्षेत्रमा सोलार तथा विद्युतीय बार, आरसीसी पर्खाल र अन्य अवरोध निर्माण गरिएका छन् भने गैंडा तथा अन्य वन्यजन्तुको आवतजावत नियन्त्रणका लागि पनि विभिन्न संरचनात्मक उपायहरू प्रयोग भइरहेका छन्" वरिष्ठ इकोलोजिष्ट आचार्यले भन्नुभयो ।

उहाँले स्थानीय समुदायलाई पर्यटन, होमस्टे तथा अन्य वैकल्पिक आयआर्जनका अवसरसँग जोड्न सके जङ्गलमाथिको निर्भरता घट्ने र मानव-वन्यजन्तु सम्पर्क पनि कम हुने बताउनुभयो । "जंगलमा घाँस, दाउरा वा वन उपज सङ्कलनका लागि बारम्बार जानुपर्ने अवस्था अन्त्य गर्न सकियो भने द्वन्द्वका धेरै घटना स्वतः घट्छन्," उहाँको भनाइ छ । यसैगरी वन्यजन्तुको मृत्युका घटनाबारे उहाँले प्राकृतिक कारणभन्दा पनि सडक दुर्घटना, सिँचाइ कुलो, विद्युतीय करेन्ट तथा अन्य पूर्वाधारजन्य जोखिमहरू प्रमुख चुनौतीका रूपमा देखिएको बताउनुभयो ।

व्यवस्थापन गर्न प्राविधिक कार्यदल गठन

मुलुकभर वन्यजन्तुबाट मानवीय र भौतिक क्षति तथा कृषि बाली नष्ट हुने गरेका घट्ना बढ्दै गएपछि यसको समाधानका लागि सर्वत्र आवाज उठ्न थालेको छ । यसै सन्दर्भमा सङ्घीय संसदको चालु अधिवेशनमा पनि सांसदहरुले समाधानका लागि सरकारको ध्यानाकर्षण गराउँदै व्यापक रुपमा आवाज उठाउनुभएको छ ।

कृषि, वन तथा पर्यावरण मन्त्री गिता चौधरीले मन्त्रिस्तरीय निर्णयबाट यही जेठ ४ गते मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनका लागि राय सुझाव उपलब्ध गराउन प्राविधिक कार्यदल गठन गर्नुभएको थियो ।

कार्यदलमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कृषि र गृह मन्त्रालय, त्रिभुवन विश्वविद्यालय, राष्ट्रिय प्रकृति संरक्षण कोष लगायतका प्रतिनिधि र सरोकारवाला क्षेत्रका विज्ञहरू सदस्य रहनुभएको छ । कार्यदललाई यस सम्बन्धमा विगतमा तयार गरिएका प्रतिवेदन, अध्ययन अनुसन्धान, नीतिगत तथा संस्थागत व्यवस्था, राहत तथा क्षतिपूर्ति प्रणाली र हालसम्म भएका व्यवस्थापन प्रयासहरूको समीक्षा र विश्लेषण गर्ने जिम्मेवारी प्रदान गरिएको छ । साथै द्वन्द्व न्यूनीकरण तथा व्यवस्थापनका लागि आवश्यक अल्पकालीन, मध्यकालीन र दीर्घकालीन नीतिगत तथा संस्थागत उपायहरू सिफारिस गर्नेसमेत जिम्मेवारी प्रदान गरिएको मन्त्रालयका उपसचिव एवं कार्यदलका सदस्य शिला ज्ञवालीले जानकारी दिनुभयो ।

कार्यदलको यही जेठ १८ गतेको बैठकले मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापनका विषयमा अध्ययन अनुसन्धान गर्ने, विभिन्न कार्यक्रमहरू संचालन गर्ने तीनै तहका सरकारका निकायहरू, गैह्सरकारी संघ संस्था, विज्ञ र सर्वसाधारणबाट राय सुझाव संकलन गर्ने निर्णय गरेको थियो । उहाँका अनुसार कार्यदलले यही जेठ २२ गते एक सूचनामार्फत बाँदर, बँदेल, नीलगाई र दुम्सीबाट कृषि बालीमा हुने क्षति न्यूनीकरणका उपायहरूमा केन्द्रित रही १५ दिन भित्र राय सुझाव उपलब्ध गराउन अनुरोध गरेको छ ।

समुदाय परिचालन र जनचेतना

राष्ट्रिय प्रकृति संरक्षण कोषका सदस्य-सचिव डा चिरञ्जीवीप्रसाद पोखरेलले मन्त्रालयले हालै गठन गरेको प्राविधिक विज्ञ समिति मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनका लागि महत्वपूर्ण कदम भएको बताउनुभयो । उहाँका अनुसार विभिन्न क्षेत्रका विज्ञहरू सम्मिलित उक्त समितिले वैज्ञानिक अध्ययन, क्षेत्रीय अनुभव र समुदायका आवश्यकता लाई समेटेर नीति निर्माण गर्न सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

"हात्ती, बाघ, चितुवा, भालु, बाँदर वा अन्य वन्यजन्तुसँग सम्बन्धित समस्या फरक-फरक छन् । त्यसैले समाधान पनि प्रजातिअनुसार फरक गर्नुपर्छ" उहाँले भन्नुभयो । मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि सरकार, संरक्षण संस्था, स्थानीय समुदाय, अनुसन्धानकर्ता र नागरिक समाजबीचको सहकार्य अपरिहार्य रहेकामा सदस्य-सचिव डा पोखरेलको जोड छ ।

'सबै मानव-वन्यजन्तु द्वन्द्व एउटै होइन'

विश्व वन्यजन्तु कोष (डब्लुडब्लुएफ) नेपालका राष्ट्रिय प्रतिनिधि डा घनश्याम गुरुङले मानव-वन्यजन्तु द्वन्द्वलाई एउटै समस्या मानेर समाधान खोज्दा अपेक्षित परिणाम नआउने बताउनुभयो ।

"बाँदरले बाली नष्ट गर्ने समस्या, चितुवा वा बाघले पशुधन र मानवमाथि आक्रमण गर्ने समस्या, हात्तीले कृषि क्षेत्रमा पुऱ्याउने क्षति वा हिउँचितुवाले पशु चौपायामा पुऱ्याउने क्षति फरक-फरक प्रकृतिका हुन्," उहाँले भन्नुभयो, "त्यसैले समाधान पनि प्रजातिअनुसार फरक गर्नुपर्छ ।"

**अनलाइन ठगी हुनबाट बचौं**

- **अपरिचित नम्बर वा आईडीबाट फोन वा म्यासेजमा प्रलोभन देखाएर ठगी हुन सक्छ ।**
- **अपरिचित व्यक्तिलाई आफ्नो ईमेल वा अन्यको पासवर्ड,बैंकको युजर जस्ता संवेदनशिल सूचना नदिऔं ।**
- **बलियो पासवर्ड राखौं र समय समयमा परिवर्तन गरौं,**
- **आफ्ना सम्पूर्ण व्यक्तिगत विवरणको उचित संरक्षण गरौं,**
- **अनलाइन ठगी भएको वा हुन लागेको पाइएमा त्यस विरुद्ध नेपाल प्रहरी तथा साइबर ब्युरोमा उजुरी वा जानकारी गराऔं,**
- **अनलाइन ठगीबारे सबैलाई जागरुक गराऔं,**
- **अनलाइन ठगी साइबर अपराध हो, यसबाट आफू पनि जोगिऔं र अरुलाई पनि जोगाऔं ।**

**नेपाल सरकार,**
**विज्ञापन वोर्ड**

# उद्यमीदेखि प्रशिक्षकसम्मको यात्रा

हेटौँडा । हेटौँडा-५ पिप्लेकी विष्णुकुमारी राईलाई १२ वर्षअघि समाजले एउटा सामान्य गृहिणीभन्दा बढी केही ठानेको थिएन । अहिले अवस्था फेरिएको छ। त्यही समाजले काठका सामग्री बनाउन, सीप सिकाउन र उद्यम सञ्चालनका लागि उहाँकै सहयोग खोज्छ । सामान्यतया कामकाजी भन्नेबित्तिकै सफा पोशाक, सुविधासम्पन्न कार्यालय, कम्प्युटर, फाइल र मासिक तलबको कल्पना गरिन्छ । तर विष्णुकुमारीको कार्यस्थल भने काठको धुलोले भरिएको कार्यशाला हो । बिहान घरधन्दा सकेपछि उहाँ काठका मुडा, फल्याक र अन्य सामग्रीमा सुन्दर बुट्टा कुँद्न थाल्नुहुन्छ। बिहान १०:०० देखि साँझ ५:०० बजेसम्म विष्णुकुमारीको समय सिर्जनात्मक श्रममै बित्छ ।

दैनिक हजारौँ युवा रोजगारीको खोजीमा विदेशिइरहेका बेला महिलाले काठको काम गरेर जीवन धान्नु अझै पनि धेरैका लागि नौलो विषय हो । तर विष्णुकुमारीका लागि यही श्रम सम्मान, आत्मविश्वास र पहिचान बनेको छ । दिनभरि शरीर थाके पनि उहाँको मन भने नयाँ सृजना गर्ने उत्साहले भरिएको हुन्छ।

"रात बितेर बिहान कहिले हुन्छ र फेरि काममा फर्कन पाइन्छ भन्ने लागिरहन्छ", विष्णुकुमारी मुस्कुराउँदै भन्नुहुन्छ । एक समय उहाँको दैनिकी घरधन्दा, गाईवस्तुको स्याहार, घाँसदाउरा र सोत्तर बोक्नमै सीमित थियो। पिप्लेपोखरा सामुदायिक वन उहाँका लागि घाँस र दाउराको स्रोतमात्रै थियो। तर सामुदायिक वनले हरित रोजगारी र वनमा आधारित उद्यम विकासको अवधारणा अघि सारेपछि विष्णुकुमारीको सोचमात्र होइन, जीवन नै बदलियो। घाँसदाउरा बोकेका ती हातले अहिले काठका मुडा, फल्याक र काष्ठ हस्तकलाका आकर्षक सामग्री सृजना गर्छन्। सुरुमा महिलाले पनि काठको काम गर्न सक्छन् भन्ने विश्वास उहाँलाई स्वयंलाई थिएन ।

तर एक दिन सामुदायिक वनमार्फत महिलालाई उद्यमी बनाउने उद्देश्यले काष्ठ हस्तकलाको तालिम सञ्चालन हुने जानकारी पाएपछि विष्णु कुमारीको जीवनले नयाँ मोड लियो । त्यो दिन आवश्यक्तासँगै रहरले सुरु गरेको तालिम नै उहाँको भविष्य बन्यो । तालिमपछि उहाँले काष्ठ हस्तकलालाई व्यवसायका रूपमा अघि बढाउने निर्णय गर्नुभयो। अहिले विष्णुकुमारीको नेतृत्वमा सञ्चालित 'श्रमजीवी महिला काष्ठ हस्तकला लघुउद्यम'ले सामूहिक रूपमा सामग्री उत्पादन गर्दै राम्रो आम्दानी गरिरहेको छ।

'एकले थुकी सुकी, हजारले थुकी नदी' उखान सम्झँदै उहाँ भन्नुहुन्छ, "हामी समूहमा काम गर्छौं । एउटाको सीप अर्कोको बल बन्छ। त्यसैले हाम्रो उत्पादन पनि बढेको छ र आम्दानी पनि ।" उहाँहरूको समूहले वनमा खेर जाने विभिन्न प्रकारका काठलाई उपयोग गरेर ढोकाका बुट्टा, फोटो फ्रेम, घण्टी फ्रेम, उपहार सामग्री, सजावटका सामग्री, फर्निचरमा प्रयोग हुने कलात्मक डिजाइन, बक्स, पलङ्का बुट्टालगायत दर्जनौँ सामग्री उत्पादन गर्दै आएको छ।

अस्मिता नेपालले एपीएफ नेटको सहयोगमा प्रदान गरेको तालिमले उहाँहरूलाई सीप सिकाउनेमात्र होइन, उद्यम सञ्चालन गर्ने आत्मविश्वास पनि दियो । त्यसपछि आवश्यक उपकरण र थप सीप विकासका अवसर पनि प्राप्त भए। पछिल्ला वर्षहरूमा ग्रिन फाउन्डेसन नेपालले राष्ट्रिय तथा अन्तरराष्ट्रिय प्रदर्शनीमा सहभागी गराउँदै बजार विस्तारमा महत्त्वपूर्ण सहयोग गरेको विष्णुकुमारी बताउनुहुन्छ। त्रिचालीस वर्षीया राई जिज्ञासु र सिक्न चाहने स्वाभावकी हुनुहुन्छ । अहिले विभिन्न सङ्घसंस्था तथा स्थानीय तहबाट तालिम सञ्चालनका लागि उहाँलाई प्रशिक्षकका रूपमा निमन्त्रणा आउन थालेको छ। आफूले सिकेको सीप अब अरू महिलालाई सिकाउन पाउँदा झन् खुसी लाग्ने उहाँ बताउनुहुन्छ। विष्णुकुमारी भन्नुहुन्छ, "सुरुमा त मलाई धेरैले हाँसोको पात्र बनाए । महिलाले काठको काम गर्न सक्दैनन् भन्ने धारणा थियो, आफ्नै परिवारलाई पनि विश्वास लाग्दैनथ्यो, तर अहिले त्यहीँ मानिसहरूले मेरो कामको प्रशंसा गर्छन् ।" उहाँका अनुसार इच्छाशक्ति, निरन्तर अभ्यास र अवसर पाए महिलाले जुनसुकै क्षेत्रमा सफलता हासिल गर्न सक्छन् । अहिले उहाँहरूको उत्पादन काठमाडौँ सहित देशका विभिन्न सहर, कोसेलीघर तथा विभिन्न सङ्घसंस्थामार्फत बिक्री हुने गरेको छ ।

विष्णुकुमारीको सफलताको अर्को महत्त्वपूर्ण आधार पिप्लेपोखरा सामुदायिक वन पनि हो । सामुदायिक वनले अहिले पनि आवश्यक कच्चा पदार्थ उपलब्ध गराउँदै आएको छ । वनले महिलालाई घाँस-दाउराको उपभोक्ताबाट हरित उद्यमी बनाउने अभियान सफलतापूर्वक सञ्चालन गरेको उहाँको अनुभव छ । पछिल्लो समय हेटौँडा उपमहानगर पालिकाको सहयोगले उद्यमलाई थप विस्तार गर्न सहज भएको विष्णुकुमारी बताउनुहुन्छ ।

हेटौँडा उपमहानगरपालिकाले स्थानीय स्रोत, सीप र सम्भावनामा आधारित लघुउद्यम विकास कार्यक्रम सञ्चालन गरेपछि सयौँ महिलाको जीवनमा यस्तै परिवर्तन आएको छ । घरभित्र सीमित रहेका महिला अहिले आफ्नै उत्पादन बजारमा बिक्री गरिरहेका छन्, समूह सञ्चालन गरिरहेका छन् र परिवारको आर्थिक आधार बलियो बनाइरहेका छन्। उद्योग शाखाका अनुसार उपमहानगरपालिकाले हालसम्म आठ सयभन्दा बढी व्यक्तिलाई विभिन्न प्रकारका उद्यमशीलता तथा सीपमूलक तालिम प्रदान गरेको छ। तीमध्ये २६८ जना सक्रिय रूपमा उद्यम सञ्चालन गरिरहेका छन् ।

अधिकांश उद्यममा महिलाको उल्लेखनीय सहभागिता रहेको छ। 'एक वडा, एक उद्यम' अवधारणाअन्तर्गत हेटौँडा-१२ मा अर्गानिक गुन्द्रुक उत्पादन, वडा नं ६ मा दालमोठ उद्योग, वडा नं ८ मा वनजन्य कच्चा पदार्थमा आधारित धूप उद्योग, वडा नं ५ मा काष्ठ हस्तकला तथा वडा नं १८ मा बेसारखेती तथा प्रशोधन उद्योग सञ्चालनमा छन् । यी उद्यमले स्थानीय उत्पादन लाई व्यावसायिक रूप दिँदै रोजगारी, आयआर्जन र आत्मनिर्भरताको नयाँ आधार निर्माण गरेका छन् ।

# वनफूलले सिँगारिएको ढोरपाटन

ढोरपाटन । समथर मैदानमा फूलेका थरिथरि का फूल । कतै राता, कतै पहेँला, गुलाबी त कतै बैजनी रङका फूलले यतिबेला यो ढोर पाटन उपत्यका चिटिक्क सिँगारिएको छ । चारैतिर अग्ला पहाडले घेरिएको उपत्यका बर्खायाममा निकै मनमोहक देखिन्छ । फूलैफूलले ढाकिएको ढोरपाटनसँग साइनो गाँस्न दिनहुँ आन्तरिक पर्यटक ढोरपाटन आउने गरेका छन् ।

नेपालको एकमात्र सिकार आरक्ष क्षेत्र पर्ने ढोरपाटनमा पछिल्लो तीन वर्षयता वनफूलले पर्यटकलाई थप आकर्षित गर्न थालेको छ । विसं २०७५ सम्म ढोरपाटनमा पर्यटकको आगमन न्यून थियो । घुम्न आउनेभन्दा पनि ढोर बराह मन्दिरमा पूजा गर्न आउने दर्शनार्थीबाहेक अन्य पर्यटकको खासै उपस्थिति थिएन । जब सञ्चारमाध्यम र सामाजिक सञ्जालमार्फत प्रचारप्रसार हुन थाल्यो, तब ढोरपाटनमा पर्यटकको घुइँचो नै लाग्न थाल्यो ।

बर्खा लागेसँगै देशका धेरै पर्यटकीय क्षेत्र सुनसान बन्दैछन्, तर ढोरपाटनमा भने पर्यटकको भीडभाड बढ्न थालेको छ। बर्खाको समयमा ढोरपाटन अरु बेलाभन्दा बढी रमणीय देखिने हुँदा यो सिजनमा पर्यटक बढी आउने गरेका हुन् । दैनिक २०० बढी पर्यटक ढोर पाटन आउने गरेको होटल व्यवसायी सङ्घका अध्यक्ष जीवन पुनले जानकारी दिनुभयो। ढोर पाटनमा पर्यटकको चाप बढेपछि होटल व्यवसाय पनि फस्टाउन थालेको उहाँको भनाइ छ।

अध्यक्ष पुनले भन्नुभयो, "पहिला पनि ढोरपाटन उपत्यकामा अत्यधिक मात्रामा फूलहरू फूल्थे तर प्रचारप्रसार नहुँदा पर्यटक आउन सकेका थिएनन्, अहिले मिडिया र सामाजिक सञ्जालमा फोटो भिडियो आउँदा पर्यटकको आकर्षण बढेको छ, एक दशक अगाडि त ढोरपाटनमा पर्यटक खासै आउँदैनथे, यहाँका स्थानीय पनि घुम्ती बसाइमात्रै बस्ने गर्थे ।" स्थानीयले राके फूलका रुपमा चिन्ने वनफूललाई ढोरपाटन सिकार आरक्षले नाकेफुली, बुकीफूल, मदानेफूललगायतको नाम दिएको छ । देशका ठूला सहर काठमाडौँ, नेपालगन्ज, पोखरा, भैरहवा, चितवनबाट बढी पर्यटक रमाउन आउने गरेका छन् । वनफूल पाटनैभरि फुल्छ । फूलमा घोडा, भेडाबाखा र गाईभैंसी खुलेमा चर्ने गर्छन् । वस्तुभाउको गोबरले वनफूल राम्रो हुने गर्छ। चितवनको माडीका महेश थापाले सामाजिक सञ्जालमा भाइरल भएका तस्बिर र भिडियो देखेर ढोरपाटन घुम्न आएको बताउनुभयो। गत वर्षदेखि नै ढोरपाटन घुम्न आउने योजना बनाएको भन्दै यसपालि १३ जनाको समूह वनफूल हेर्न आएको उहाँले सुनाउनुभयो। चारैतिर फुलेका वनफूल र यहाँको वातावर ण निकै मनोरम लागेको थापाको भनाइ छ।

दाङको तुल्सीपुरबाट आउनुभएका कुलेन्द्र पनेरुले ढोरपाटन आउँदा मन फुरुङ्ग भएको बताउनुभयो। दाङमा यतिबेला निकै गर्मी रहेको भन्दै ढोरपाटनमा भने निकै चिसो मौसम रहेको सुनाउनुभयो। यहाँको प्राकृतिक सुन्दरता र हावापानीका बारेमा प्रचार गर्न सके विदेशी पर्यटकलाई सहज रूपमा ल्याउन सकिने उहाँको भनाइ छ। ढोरपाटनसम्म आउने सडकको केही स्थानमा अप्ठ्यारो हुँदा सास्ती खेप्नुपरेको पनेरुले दुःखेसो पोख्नुभयो।

बुर्तिबाङदेखि ढोरपाटनसम्म करि ब ३२ किलोमिटर कच्ची सडकयात्रा गर्नुपर्छ। अहिले बुर्तिबाङ बजारदेखि फल्लेघरसम्मको सडक ग्राभेल भए पनि त्यसभन्दा माथिको खण्डको दुरावस्था छ । जसका कारण पर्यटकले सास्ती खेप्नुपरेको छ। ढोरपाटन नगरपालिकाका उपप्रमुख धनबहादुर कायतले फल्लेघरभन्दा माथिको अप्ठ्यारो सडकलाई व्यवस्थित गर्ने बताउनुभयो । अहिले कालोपत्र गर्नका लागि सडक फर किलो बनाउने काम भइरहेको हुँदा केही स्थानमा हिलाम्मे बनेको भन्दै पर्यटकको यात्रालाई सहज बनाउन गेग्रेटा हालेर व्यवस्थित बनाउने उहाँको भनाइ छ। ढोर पाटनमा आउने सङ्ख्या बढेपछि आफूहरू उत्साहित भएको कायत बताउनुहुन्छ।

# भानु जयन्ती विविध कार्यक्रमसहित मनाइँदै

काठमाडौँ । राष्ट्रिय विभूति आदिकवि भानुभक्त आचार्यको दुई सय १३औँ जन्म जयन्ती (आज) सोमबार विभिन्न कार्यक्रमसहित मनाइँदैछ।

जयन्तीका अवसरमा भानु प्रतिष्ठान, काठमाडौँले नेपाल प्रज्ञा प्रतिष्ठानबाट नगरपरिक्रमा, रथारोहण, प्रभातफेरि र श्रद्धाञ्जली कार्यक्रम गर्दैछ । कार्यक्रममा प्रतिनिधिसभाका सभामुख डोलप्रसाद अर्यालगायत विशिष्ट व्यक्तिको उपस्थिति रहनेछ । यस्तै नेपाली शिक्षा परिषद्को आयोजनामा र भानु माध्यमिक विद्यालयको सहआयोजनामा सोमबार बिहान रानीपोखरी अगाडिको भानु प्रतिमामा माल्यार्पण गरिनेछ भने दिउँसो लेखनाथ साहित्य सदनमा कवि भूवनहरि सिग्देललाई पुरस्कृत गरिँदैछ। भानु जयन्तीकै अवसरमा आज भीमसेनगोला स्थित मोडर्न कन्या स्कुलले साहित्यिक कार्यक्रमको आयोजना गरेको छ।

# भाषा र संस्कृति संरक्षणमा जुट्दै तनहुँका गुरुङ समुदाय

तनहुँ । नेपालको मौलिक भाषा, लिपि र संस्कृतिहरू लोप हुने जोखिम बढिरहेका बेला तनहुँमा पुस्तान्तरणमार्फत तमु (गुरुङ) भाषा र संस्कृति जोगाउन पहल थालिएको छ ।

व्यास नगरपालिका-१ विज्ञानचौर, दमौलीस्थित आदिकवि भानुभक्त क्याम्पसले आफ्नै आन्तरिक स्रोतसाधन परिचालन गरी सातदिने 'तमु भाषा तथा लिपि प्रशिक्षक प्रशिक्षण तालिम' सञ्चालनमा ल्याएको हो । आदिवासी जनजाति भाषा तथा संस्कृति सम्बर्द्धन एवं विकास समिति'को आयोजनामा सञ्चालन गरिएको तालिममा सहभागी प्रशिक्षार्थीहरूले प्रशिक्षणपछि आ-आफ्ना पालिका तथा समुदायमा पुगेर तमु भाषा र लिपिको प्रशिक्षण अभियान सञ्चालन गर्ने लक्ष्य लिइएको छ । नयाँ पुस्तामा आफ्नो मौलिक पहिचान हस्तान्तरण गर्न र भाषालाई जीवन्त राख्न यो तालिम कोशेढुङ्गा साबित हुने अपेक्षा लिइएको समितिका संयोजक ठाकुर बहादुर दरैले बताउनुभयो। शनिबारदेखि क्याम्पसको तालिम कक्षमा सुरु भएको उक्त तालिमलाई भाषा र संस्कृतिको संरक्षणका लागि स्थानीय तहबाट सुरु गरिएकाले महत्वका साथ हेरिएको छ ।

यसबाट भाषा संरक्षणको प्रयास सीमित वर्गमा नभई समुदायस्तरसम्म विस्तार हुने अपेक्षा गरिएको छ। सो अवसरमा उहाँले नयाँ पुस्तामा मातृभाषा बोल्ने र लिपी लेख्ने संस्कार कमजोर बन्दै गएकोप्रति चिन्ता व्यक्त गर्दै भाषा हराए समुदायको पहिचान नै मेटिने बताउनुभयो ।

क्याम्पस सञ्चालक समितिका अध्यक्ष केशबहादुर सुनारले भाषा, संस्कृति, कला र साहित्यको संरक्षण गर्नु सामुदायिक क्याम्पसको सामाजिक दायित्व भएको बताउनुभयो ।

क्याम्पसले गत वर्ष मगर भाषाको संरक्षणका कार्यक्रम सञ्चालन गरेको र यसवर्ष गुरुङ भाषा तथा संस्कृतिको प्रवर्द्धनमा केन्द्रित भएको उहाँले जानकारी दिनुभयो ।

उक्त कार्यक्रममा सञ्चालक समितिका निवर्तमान अध्यक्ष बुद्धिमान श्रेष्ठ, उपाध्यक्ष श्रीराम कार्कीलगायतले भाषा संरक्षणका अभियानमा समुदायको साझा सहभागिता आवश्यक रहेको धारणा राख्नुभएको थियो ।

# दलित समुदायले सम्मानजनक थर राख्न पाउने अधिकार सुनिश्चित हुनुपर्छः सचेतक परियार

काठमाडौँ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का संसदीय दलका सचेतक प्रकाशचन्द्र परियारले दलित समुदायले सम्मानजनक थर राख्न पाउने अधिकार अभ्यासमा अझै सुनिश्चित नहुनु विडम्बना भएको बताउनुभएको छ ।

समता फाउन्डेसनद्वारा आइतबार यहाँ आयोजित छलफलमा सचेतक परियारले दलित आयोगले सिफारिस गरेको सूचीलाई मान्यता दिनुपर्ने बताउँदै छुटपुट रहेका थरहरूलाई चरणबद्ध अद्यावधिक गर्नुपर्नेमा जोड दिनुभयो। दलित समुदायका थर सूचिकृत हुँदा कतिपय प्रचलितअनुसार सूचीकृत हुन छुटेकाले कतिपयले अपमानजनक थर अझै पनि बोकेर हिँड्नुपर्ने बाध्यता रहेको उहाँले बताउनुभयो।

सचेतक परियारले राज्यको सिफारिस र सूचीकरणमा एक वर्ष मात्रै थर छुट्दा तथा राजपत्रमा प्रकाशित नहुँदा सम्बन्धित समुदायले राज्यबाट पाउने सेवा, सुविधा र सिफारिसबाट बञ्चित हुनुपर्ने पीडादायी अवस्था सिर्जना भएकाले यसतर्फ राज्यको ध्यान पुग्नुपर्ने धारणा राख्नुभयो ।

उहाँले भन्नुभयो, "कतिपय अवस्थामा नागरिकता लिँदा अपमानित हुनुपर्ने र थर परिवर्तन भई अपभ्रंश भएका थरहरूलाई राज्यले मान्यता नदिँदा नागरिक मारमा परेका छन्। यस्तो विडम्बना अबका दिनमा नदोहोरियोस् र पीडामा परिरहेका हरूका लागि राज्यले आवश्यक कदम चालोस् ।"

जातिसूचक थर फेर्न सक्ने गरी अधिकार स्थापित गरिएको छ। राष्ट्रिय दलित आयोगले थरबारे अनुसन्धान एवं अद्यावधिक गरी सरकारलाई पठाउने संवैधानिक अधिकार सुनिश्चित भए पनि व्यवहारमा अझै समस्या रहेको सचेतक परियारको भनाइ छ।

प्रमुख जिल्ला अधिकारी र प्रशासकीय अधिकृतले आयोग र गृह मन्त्रालयको परिपत्रलाई बेवास्ता गरेर थर नसच्याइदिँदा अधिकारको सदुपयोग हुन नसकेको अवस्थाका बारेमा छलफलमा सहभागी वक्ताहरूले जानकारी गराउनु भएको थियो ।

# मोदीखोलाको कटानले पर्यटकीय स्थल घान्द्रुक जाने सडक बन्द

पर्वत । कास्की र पर्वत हुँदै बग्ने मोदीखोलामा आएको बाढीले प्रसिद्ध पर्यटकीय क्षेत्र घान्द्रुक जोड्ने नयाँपुल-बिरेठाँटी-घान्द्रुक सडक अवरुद्ध बनेको छ। कास्कीको अन्नपूर्ण गाउँपालिका-११ किम्चेमा आइतबार बिहानदेखि भइरहेको भारी वर्षाका कारण विभिन्न ठाउँमा पहिरो जाँदा मोदीखोलामा पानीको बहाव बढेको हो । बाढीले कास्कीको अन्नपूर्ण गाउँपालिका-८ र वडा नं १० को सिमाना सेउलीबजार नजिकै सडक कटान गर्दा घान्द्रुक जोड्ने सडक पूर्ण रूपमा बन्द भएको हो । यसैगरी सोही ठाउँमा रहेको स्थानीय दिपिल गुरुङको रेस्टुरेन्ट तथा घर पूर्ण रूपमा बगाएको छ भने जगन पुनको रेस्टुरेन्टमा पनि क्षति पुगेको छ । कास्कीको अन्नपूर्ण गाउँपालिका अन्तर्गत खोला किनारका स्थानीयका घरहरू बाढीको उच्च जोखिममा रहेका अन्नपूर्ण गाउँपालिका-७ का वडाध्यक्ष भरतमान गुरुङले जानकारी दिनुभयो । निरन्तर वर्षा भइरहेको र बाढी घट्ने सङ्केत नदेखिएको भन्दै उहाँले आवश्यक सुरक्षा सतर्कता अपनाउन सबैलाई आग्रह गर्नुभयो । गुरुङको रेस्टुरेन्टबाट केही सामान स्थानीयको सक्रियतामा सुरक्षित स्थानमा सारिएको भन्दै उहाँले कुनै मानवीय क्षति भने नभएको जानकारी दिनुभयो ।

सडक अवरुद्ध हुँदा पर्यटकीय गाउँ घान्द्रुक, लान्द्रुकलगायत ठाउँमा जाने सयौँ सवारीसाधन अलपत्र बनेका छन् ।

# भानु साहित्य उद्यानलाई २४ करोड

तनहुँ । नेपाली भाषाका अनुवादक आदिकवि भानुभक्त आचार्यको जन्मभूमि चुँदी रम्घालाई अन्तरराष्ट्रिय प्राज्ञिक तथा साहित्यिक केन्द्रका रूपमा विकास गर्ने उद्देश्यले अघि बढाइएको राष्ट्रिय गौरवको आयोजना 'भानु साहित्य उद्यान'को पूर्वाधार निर्माणकार्य अगाडि बढेको छ ।

सरकारको प्राथमिकतामा रहेको यस बहुप्रतिक्षित आयोजनाअन्तर्गत भानु नगरपालिका-४ रम्घा डाँडाको करिब ५०० रोपनी क्षेत्रफलमा उद्यान निर्माण थालिएको छ। पहिलो चरणमा विनियोजित बजेटबाट निर्माण प्रक्रिया अघि बढाइएको छ। उद्यानभित्र अत्याधुनिक 'भानु भवन', आदिकविको पूर्णकदको सालिक, सप्तधाम, साहित्य ग्राम, प्रज्ञा भवन तथा प्रविधिमैत्री टिकट काउन्टरलगायत बहुआयामिक पूर्वाधार निर्माण गरिने गुरुयोजनाअनुसार निर्माणकार्य भइरहेको छ। निर्माणकार्यलाई व्यवस्थित, वातावरणमैत्री र द्रुत रूपमा अघि बढाउन सहरी विकास तथा भवन निर्माण विभागले प्रारम्भिक वातावरणीय अध्ययन (आइइई) प्रतिवेदन तयार गर्ने काम अन्तिम चरणमा पुर्याएको भानु नगरपालिकाका प्रमुख आनन्दराज त्रिपाठीले जानकारी दिनुभयो। "यो उद्यान भौतिक संरचनामा मात्र सीमित नरही विश्वभरका नेपाली भाषा-साहित्यका अनुसन्धानकर्ता र अनुरागीका लागि सांस्कृतिक तथा प्राज्ञिक केन्द्र बन्नेछ", उहाँले भन्नुभयो, "आदिकविको जन्मभूमिलाई विश्वमाझ चिनाउने यो हाम्रो गौरवको परियोजना हो ।

यसले नेपाली भाषा र साहित्य लाई विश्वव्यापी रूपमा जोड्ने साझा प्राज्ञिक केन्द्रको रूप रहनेछ । त्यसका लागि नगरपालिकाले आवश्यक समन्वय र नेतृत्वदायी भूमिका निर्वाह गरिरहेको छ।" भानु नगरपालिकाका उपप्रमुख उमा गोतामेले आगामी आर्थिक वर्षका लागि सङ्घीय सरकारले रु २४ करोड बजेट विनियोजन गरेको जानकारी दिनुभयो । "सहरी विकास तथा भवन निर्माण विभागमार्फत राष्ट्रिय गौरवको यस आयोजनाका लागि आगामी आवमा रु २४ करोड विनियोजन गरिएको छ", उहाँले भन्नुभयो, "यस बजेटबाट बहुवर्षीय योजनाअनुसार पूर्वाधार निर्माण अघि बढाइनेछ।" गुरुयोजनाअनुसार उद्यानभित्र सातै प्रदेशका प्रमुख धार्मिक तथा सांस्कृतिक सम्पदाका नमूना र नेपाली साहित्यका मुर्धन्य स्रष्टाका सालिकसमेत स्थापना गरिनेछ । आयोजना सम्पन्न भएपछि तनहुँको चुँदी रम्घा विश्वभरका नेपाली साहित्यप्रेमी र अनुसन्धानकर्ताको प्रमुख गन्तव्य बन्ने अपेक्षा गरिएको छ ।

भानु साहित्य उद्यान निर्माणको अवधारणा राष्ट्रपति रामचन्द्र पौडेलको विशेष पहल र परिकल्पनाअनुसार अघि बढाइएको हो । उहाँकै पहलमा राष्ट्रिय गौरवको आयोजनाका रूपमा समावेश गरिएको यस उद्यानको गत वैशाख १४ गते राष्ट्रपति पौडेलबाट शिलान्यास गरिएको थियो ।

# रामधुनीमा वार्षिक ३५ हजार बिरुवा उत्पादन

सुनसरी । सुनसरीको रामधुनी सब-डिभिजन वन कार्यालयले प्रत्येक वर्ष विभिन्न प्रजातिका करिब ३५ हजार बढी वनजन्य, नगदे तथा बहुवर्षीय बिरुवा उत्पादन गरी निःशुल्क वितरण गर्दै आएको छ ।

विसं २०७९ देखि सञ्चालनमा ल्याइएको नर्सरीमा उत्पादन गरिएका बिरुवाको माग बर्सेनि बढ्दै गएको कार्यालयले जनाएको छ । सबडिभिजन वन कार्यालय रामधुनीका वन सहायक काजी आचार्यका अनुसार नर्सरीमा खयर, ज्याकाराण्डा, बेल, सिसौ, अमला, अर्जुन, कागती, तेजपत्ता र अम्बकलगायत विभिन्न प्रजातिका बिरुवा उपलब्ध छन्। केही बिरुवा यस वर्ष उत्पादन गरिएका हुन् भने केही बहुवर्षीय बिरुवा अघिल्ला वर्षदेखि संरक्षण गर्दै आइएको उहाँले बताउनुभयो ।

रामधुनी मन्दिर नजिकै कार्यालय रहेकाले दर्शनका लागि आउने भक्तजनले समेत यहाँबाट बिरुवा लैजाने गरेका छन् । भारतबाट आउने धार्मिक पर्यटकले पनि बिरुवा लैजाने गरेकाले रामधुनीमा उत्पादन भएका बिरुवा देशका विभिन्न जिल्ला तथा सीमापारसम्म पुग्ने गरेको वन सहायक आचार्यले जानकारी दिनुभयो । उहाँका अनुसार असार, साउन र भदौ महिनामा बिरुवाको माग बढी हुने गरेको छ । उत्पादित बिरुवा सर्वसाधारण, सामुदायिक वन तथा विभिन्न संस्थालाई आवश्यकता अनुसार वितरण गरिन्छ। वन क्षेत्रमा रोप्न उपयुक्त प्रजातिका बिरुवामात्र उत्पादन गर्ने अनुमति भएकाले कृषि प्रयोजनका बिरुवा उत्पादन नगरिएको उहाँले बताउनुभयो ।

दुई-चारवटासम्म बिरुवा लैजान कुनै कागजात आवश्यक नपर्ने, संस्थागत रूपमा बिरुवा लिन चाहनेले भने सम्बन्धित वडाको सिफारिस अनिवार्य हुने तथा ५० वटाभन्दा बढी बिरुवा माग गर्नेले निवेदन, नागरिकताको प्रतिलिपि र जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि पेस गर्नुपर्ने व्यवस्था रहेको वन सहायक आचार्यले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "नर्सरीको काम फागुनबाट सुरु गरिन्छ फागुनमा बीउ राखेपछि असारदेखि बिरुवा वितरण सुरु हुन्छ।" नर्सरी व्यवस्थापनका लागि छुट्टै कर्मचारी खटाइएको छ। बिरुवाको संरक्षण र व्यवस्थापनमा विशेष ध्यान दिइएको छ। उहाँले भन्नुभयो, बिरुवा नष्ट भए सम्बन्धित कर्मचारीले आर्थिक उत्तरदायित्वसमेत व्यहोर्नुपर्ने व्यवस्था रहेकाले नर्सरी व्यवस्थापनलाई संवेदनशील रूपमा लिइएको छ ।

बिरुवा उत्पादन र वितरणसँगै कार्यालयले सामुदायिक वनलाई प्राविधिक सहयोग, छपान तथा कटान कार्यमा सहजीकरण गर्दै आएको छ ।

राष्ट्रिय वन क्षेत्रमा नियमित गस्ती तथा वन उपभोक्ता समूहका गतिविधिमा सहभागिता जनाउँदै आएको छ ।

हाल केही दिनअघि सिंहवाहिनी सामुदायिक वनमा वृक्षरोपण कार्यक्रमसमेत सम्पन्न गरिएको वन सहायक आचार्यले जानकारी दिनुभयो ।

# मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणमा मन्त्री चौधरीको जोड

चितवन । कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले सौराहास्थित हात्ती प्रजनन तथा तालिम केन्द्रलाई व्यवस्थित गरी उत्कृष्ट पर्यटकीय गन्तव्यका रूपमा विकास गर्नुपर्नेमा जोड दिनुभएको छ ।

वार्षिक करिब दुई लाख पर्यटक केन्द्रको भ्रमणमा आउने गरेकाले यसलाई अझ व्यवस्थित गर्नुपर्नेमा उहाँले जोड दिनुभएको हो ।

केन्द्रको निरीक्षणपछि मन्त्री चौधरीले धेरैभन्दा धेरै पर्यटकलाई आकर्षित गर्न केन्द्रलाई व्यवस्थित गर्नुपर्ने बताउनुभयो। त्यसका लागि मन्त्रालयबाट आवश्यक सहयोग हुने उहाँको भनाइ थियो । मन्त्री चौधरीले केन्द्रमा कार्यरत कर्मचारीका सेवासुविधा तथा स्थायी नियुक्ति सम्बन्धी समस्याबारे पनि जानकारी लिनुभयो ।

उहाँले प्रजनन केन्द्र तथा निकुञ्ज क्षेत्रमा रहेका हात्तीको पालनपोषण र व्यवस्थापनमा विशेष ध्यान दिन निर्देशन दिनुभयो ।

हाल केन्द्रमा नौ वटा ढोई र सात वटा छावा छन्। यहाँका छावालाई हुर्काएर तालिम दिई विभिन्न कार्यमा



परिचालन गर्ने गरिएको छ । निकुञ्जमा एउटा हात्तीको स्याहारका लागि तीन जनाको दरबन्दी छ ।

त्यसअघि चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत डिलबहादुर पुनले केन्द्रको अवस्था तथा समस्याबारे मन्त्री चौधरीलाई जानकारी दिनुभएको थियो ।

यसैगरी, मन्त्री चौधरीले असार २० गते भरतपुर महानगरपालिका-२३ मा जङ्गली हात्तीको आक्रमणमा परी मृत्यु भएका २१ वर्षीया आशिका बोटे र उहाँका चार वर्षीय छोरा भरत बोटेका अभिभावकसँग भेट गर्नुभयो । मन्त्री चौधरीले माडी नगरपालिका-१ सेरुवाका बाघको आक्रमण बाट घाइते भई अपाङ्ग हुनुभएका सूर्य महतो तथा सोही वडाका गैंडाको आक्रमणबाट घाइते हुनुभएका मङ्गले बोटेसँग पनि भेट गर्नुभयो । उहाँहरूलाई जीविकोपार्जनका लागि प्रतिव्यक्ति रु पाँच लाखका दरले आर्थिक सहयोग उपलब्ध गराइएको जानकारी दिँदै मन्त्री चौधरीले मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण सरकारको प्राथमिकतामा रहेको बताउनुभयो ।

# नेपालगन्ज उपमहानगरपालिकाको एक अर्ब ७६ करोडको बजेट पारित

नेपालगन्ज । नेपालगञ्ज उपमहानगर पालिका सभाले आगामी आर्थिक वर्षका लागि प्रस्तुत रु. एक अर्ब ७६ करोडको बजेट पारित गरेको छ ।

नगरप्रमुख प्रशान्त विष्टको अध्यक्षतामा शनिबार सम्पन्न १९औँ नगरसभाले वागीश्वरी मन्दिर क्षेत्रको सौन्दर्यीकरण, खडेश्वर जुँगे महादेव मन्दिर, १०८ फिट अग्लो हनुमान् मूर्ति, व्यापारिक भवन निर्माण, जमुनाहा नाकामा प्रवेशद्वार तथा नगर बसपार्क निर्माणसम्बन्धी प्रस्ताव अनुमोदन गरेको छ। नेपालगञ्ज चक्रपथको विस्तृत परियोजना प्रतिवेदन (डिपीआर) शीघ्र सम्पन्न गरी कार्यान्वयन प्रक्रिया अघि बढाइने भएको छ ।

नगरको दिगो विकास, राजस्व आय वृद्धि, सेवा प्रवाहमा सुधार, ताल र उद्यान संरक्षण एवं हरियाली प्रवर्द्धन तथा सञ्चालन हुने परियोजनाको प्रभावकारी अनुगमनलाई बजेटले प्राथमिकता दिएको छ ।

# ज्ञानसँगै मौलिक संस्कृतिसँग जोड्दै समता विद्यालय

भोजपुर । विद्यार्थीहरूलाई पाठ्यपुस्तकमा मात्र सीमित नराखी जीवनोपयोगी ज्ञानसँगै मौलिक संस्कृतिसँग जोड्ने उद्देश्यले भोजपुरको समता स्कुलले सांस्कृतिक परम्परा संरक्षण तथा प्रवर्द्धनका लागि विशेष पहल थालेको छ ।

विद्यालयले विभिन्न कार्यक्रम मार्फत विद्यार्थीहरूलाई स्थानीय कला, संस्कृति, परम्परा तथा जीवनशैलीबारे व्यावहारिक ज्ञान प्रदान गर्दै आएको छ ।

विद्यालयमा समय-समयमा सञ्चालन हुने सांस्कृतिक कक्षा, लोकनृत्य, लोकगीत, भेषभूषा प्रदर्शन, परम्परागत खेलकुद तथा चाडपर्वसम्बन्धी चेतनामूलक कार्यक्रमले विद्यार्थीहरूमा आफ्नो मौलिक पहिचानप्रति गर्व गर्ने भावना विकास भएको विद्यालयका प्रधानाध्यापक मुना पाण्डेले बताउनुभयो । अतिरिक्त क्रियाकलापका माध्यमबाट विद्यार्थीलाई परम्परागत संस्कृति, रहनसहन तथा वेशभूषाबारे ज्ञान दिने गरिएको छ ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सुमन प्रधानले आधुनिक शिक्षासँगै संस्कार र संस्कृतिको संरक्षण पनि उत्तिकै आवश्यक भएकाले यस्ता कार्यक्रमलाई प्राथमिकतामा राखिएको बताउनुभयो। नयाँ पुस्तालाई सानै उमेरदेखि संस्कार र पहिचानबारे ज्ञान प्रदान गर्ने लक्ष्यका साथ विद्यालयले सांस्कृतिक शिक्षामा जोड दिएको उहाँले बताउनुभयो ।

# पहिरो नियन्त्रणपछि डुम्रे-बेँसीसहर यात्रा बर्खा पनि सहज

लमजुङ । सङ्घीय सरकारको रु ११ करोड १९ लाखको लागतमा डुम्रे-बेँसीसहर सडकअन्तर्गत उदिपुरमा पहिरो नियन्त्रणका संरचना बनेपछि बर्खायाममा पनि सवारी आवागमन सहज भएको छ ।

डुम्रे-बेँसीसहर-चामे सडक योजना कार्यालयका सूचना अधिकारी नवीन विष्टका अनुसार मर्स्याङ्दी नदीमा माइक्रो पाइल, नदी किनारमा संरक्षण पर्खाल, ४५ मिटर अग्लो र ८० मिटर लामो ग्याबिन जाली, ३०० मिटर सडक कालोपत्र तथा सडकमाथिको पहिरो क्षेत्रमा नेलिङलगायतका संरचना निर्माण भएको छ ।

बेँसीसहरका बाबुलाल श्रेष्ठ पहिरो नियन्त्रणपछि उदिपुर क्षेत्रमा यात्रा सुरक्षित र सहज बनेको बताउनुहुन्छ । "गत वर्ष बर्खामा पटकपटक समस्या झेल्नु परेको थियो। कतिबेला माथिबाट ढुङ्गा खस्छ भन्ने डर हुन्थ्यो। अहिले भने निर्धक्क भएर यात्रा गर्न सकिन्छ । सडक राम्रो भएको छ, पहिरोको त्रास पनि छैन," उहाँले भन्नुभयो । उक्त सडकमा नियमित रुपमा सवारी सञ्चालन गर्दै आउनुभएका नारायण घिमिरे पनि उदिपुर क्षेत्रमा निर्भयका साथ गाडी चलाउन पाएकामा खुसी हुनुहुन्छ। उदिपुर क्षेत्रमा पहिरो नियन्त्रण नहुँदा हरेकदिनजसो सवारीसाधन वैकल्पिक बाटोबाट गन्तव्यतर्फ जाने गर्दथे ।

डुम्रे-बेँसीसहर सडक लमजुङ मात्र नभई मनाङलाई पनि जोड्ने मुख्य मार्ग हो । यही सडकले अन्नपूर्ण चक्रीय पदमार्गलाई जोडेको छ ।

# किसानलाई अनुदानमा कृषि सामग्री वितरण

त्रिवेणी । नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरको देवचुली नगरपालिकाले यहाँका किसानलाई रु ९२ लाख मूल्यबराबरको कृषि सामग्री अनुदानमा वितरण गरेको छ ।

कृषि क्षेत्रको प्रवर्द्धन गर्दै उत्पादनलाई वृद्धि गर्ने उद्देश्यले आधुनिक कृषि सामग्री वितरण गरिएको कृषि विकास शाखाका देवचुलीका प्रमुख गगन भट्टराई बताउनुभयो। देवचुली नगरपालिकाले कृषि नवप्रवर्द्धन साझेदारी परियोजनामार्फत किसानलाई कृषि सामग्री हस्तान्तरण गरेको हो। कृषि विकास शाखाका प्रमुख भट्टराईका अनुसार नवप्रवर्द्धन साझेदारी परियोजना, नगरपालिका र किसानहरूको पचास-पचास प्रतिशतको लागत सहभागिता मा कृषि सामग्री वितरण गरिएको हो ।

यस कार्यक्रमबाट १३ भन्दा बढी कृषक समूह, ७० भन्दा बढी उद्यमी तथा व्यावसायिक किसान लाभान्वित भएका छन् । किसानहरूको आवश्यकता र मागका आधारमा सामग्री वितरण गरिएको उहाँले बताउनुभयो । नगरपालिकाले ३० वटा छ हर्जपावरका हातेट्याक्टर, २८ वटा सात हर्जपावरका हातेट्याक्टर, सातवटा धान काट्ने मेसिन, मकै रोप्ने मेसिन (ज्याब प्लान्टर) २१ वटा, पुस सिडर चारवटा, मकै छोडाउने मेसिन (कर्न थ्रेसर) १० वटा, कुटानी-पिसानी मेसिन छवटा, दाना बनाउने मेसिन एक, तौल लिने मेसिन एक, धान तथा गहुँ काट्ने, थ्रेसिङ गर्ने कम्बाइन हार्भेस्टर एक तथा ट्रेलर एकलगायतका आधुनिक कृषि सामग्री वितरण गरेको छ ।

ठूला ट्याक्टर सञ्चालन गर्न कठिन हुने पहाडी क्षेत्रका किसानलाई लक्षित गर्दै हातेट्याक्टर वितरण गरिएको शाखाले जनाएको छ ।

यसै कार्यक्रममा देवचुली-४ वडा कार्यालयले पनि किसानका लागि तीनवटा सात हर्जपावरका हातेट्याक्टर, दुईवटा मकै रोप्ने मेसिन (ज्याब प्लान्टर), चारवटा पुस सिडर र दुईवटा कुटानी-पिसानी मेसिन वितरण गरेको छ। उक्त सामग्री खरिदका लागि वडा कार्यालयले रु तीन लाख बजेट विनियोजन गरेको थियो ।

देवचुली नगरपालिकाका प्रमुख हरिप्रसाद न्यौपानेले किसानको आर्थिक विकासका लागि अनुदानमा कृषि उपकरण उपलब्ध गराएको बताउनुभयो ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : सुजन रेग्मी, Email : pratyushdainik@gmail.com